# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३०९ | काठमाडौं | बुधबार, २१ फागुन २०८१ | Prabhab National Daily | Wednesday, March 05, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# अविच्छिन्न वाम नेता



- नेतृत्वमा नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छे ५० वर्षदेखि
- मसालका महामन्त्री मोहनविक्रम सिंह पनि ५० वर्षदेखि नै नेतृत्वमा
- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ३५ वर्षदेखि
- माले महासचिव सिपी मैनाली ३३ वर्षदेखि
- क्रान्तिकारी कम्युनिस्ट पार्टीका महासचिव मोहन वैद्य १२ वर्षदेखि

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाल मजदुर किसान पार्टी (नेमकिपा)को आठौं महाधिवेशनबाट अध्यक्षमा नारायणमान बिजुक्छे सर्वसम्मत चुनिए । उनलाई अध्यक्षमा कसैले टक्कर दिएनन् । एकल उम्मेदवार बनेर सर्वसम्मत अध्यक्ष भए । बिजुक्छे अध्यक्षमा सर्वसम्मत भएको यो आठौंपटक हो । अध्यक्ष भएकोचाहिँ वर्ष ५० भइसक्यो ।

त्रिभुवन विश्वविद्यालयको राजनीतिशास्त्रका सहप्राध्यापक डा. तारानाथ घिमिरे दुईवटा अवस्थामा नेतृत्व पार्टीमा अविच्छिन्नजस्तै हुने बताउँछन् । पहिलो, राजनीतिकसँगै वैचारिक, कार्यनीतिक र सांगठनिकरूपमा सर्वाधिक अब्बल हुँदा पटक-पटक नेतृत्व चुनिन्छन् । दोस्रो, पार्टीमा आफूबाहेकको नेतृत्व विकास नभएको अवस्थामा पनि लगातार नेतृत्व चुनिने हुन्छ । यसबाहेक पार्टीलाई एकताबद्ध बनाउन सक्ने पनि नेतृत्वमा आइरहन्छन् ।

वामपन्थी पार्टीमा नेतृत्व चयन नीतिका आधारमा हुने मान्यता हुन्छ । यसबारेको पुरानो नारा नै छ कि- 'जसको नीति, उसको नेतृत्व' । ५० वर्षदेखि अविच्छिन्नजस्तै अध्यक्ष भइरहन बिजुक्छे सफल हुनुमा सहप्राध्यापक घिमिरे उल्लिखित सबै आधारलाई मान्छन् ।

'नेमकिपामा हरेक कोणबाट विकल्प दिनसक्ने नेतृत्व नदेखिएको हुन सक्छ । विकल्प म हुँ भन्ने भयो भने त्यहाँ चुनाव हुन्छ, लड्छ, जित्नेले जित्छ, हार्नेले हार्छ तर यस्तो नभइ जहिल्यै सर्वसम्मत अध्यक्ष भइरहन्छ भने विकल्प तयार नभएको मान्छ सकिन्छ,' उनले भने ।

१० माघ २०३१ मा नेमकिपा स्थापना भएको थियो । त्यसबेलादेखि अहिलेसम्म बिजुक्छे नै अध्यक्ष सर्वसम्मत चुनिँदै आएका छन् । यसले उनी पार्टीमा निर्विरोध नेतृत्व भएको देखाउँछ । अर्थात् विकल्पहीन नेतृत्वको रूपमा बिजुक्छे स्थापित भए । उनले महाधिवेशनको बन्दसत्रमा बोल्दै नेमकिपा देशभक्ति पार्टी भएको बताए । 'पार्टीमा लामो समयदेखि लागेकाहरू आफ्नो व्यक्तिगत काममा मात्र लाग्ने होइन पार्टीमा पनि सक्रिय हुनु जरुरी छ । पार्टी सदस्यले सारा जनताका छोराछोरीको लागि चिन्ता लिनु आवश्यक छ ।

क्रमशः पृष्ठ २ मा

ललितानिवासको जग्गा घोटाला प्रकरण

# विशेषको फैसला त्रुटिपूर्ण भन्दै सर्वोच्चमा पुग्यो अख्तियार

## मुख्य प्रतिवादी कलाधर देउजासहित पूर्वमन्त्री विजयकुमार गच्छदार, पूर्वसचिव दिनेश अधिकारी, भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङलगायत ११० जनालाई दिएको सफाइविरुद्ध अख्तियारको पुनरावेदन

- भाटभटेनीका सञ्चालक मीनबहादुर गुरूङ कसूरमा संलग्न रहेको सबुद प्रमाण हुँदाहुँदै विशेष अदालतको फैसलाले कम सजाय ठहर गरेको सो हदसम्मको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको अख्तियारको दाबी
- मन्त्रिपरिषद्को निर्णय नीतिगत भन्दै राजनीतिज्ञ जोगाउन सबुद् प्रमाणलाई विशेष अदालतबाट फैसलामा गोलमटोल व्याख्या विश्लेषण गरिएको भनाइ
- कर्मचारीलाई मात्र जिम्मेवार बनाई राजनीतिज्ञलाई उन्मुक्ति दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको र कसूरजन्य कार्यलाई कुनै पनि हालतमा नीतिगत निर्णय भन्न नमिल्ने जिकिर



विजयकुमार गच्छदार | चन्द्रदेव जोशी | दिनेश अधिकारी | मीनबहादुर गुरुङ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बहुचर्चित ललितानिवासको जग्गा घोटाला प्रकरणमा विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोग सर्वोच्च अदालतमा पुगेको छ । अख्तियारले विशेष अदालतको फैसला चित्त नबुझेको उल्लेख गर्दै मंगलबार सर्वोच्चमा पुनरावेदन हालेको हो ।

उक्त मुद्दाका मुख्य प्रतिवादी कलाधर देउजासहित पूर्वउपप्रधान तथा भौतिक पूर्वाधारमन्त्री विजयकुमार गच्छदार, पूर्वसचिव दिनेश अधिकारी, भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङलगायत ११० जनालाई दिइएको सफाइविरुद्ध अख्तियारले पुनरावेदन गरेको हो । 'ललितानिवास क्याम्पभित्रको सरकारी सार्वजनिक जग्गा गैरकानुनी रूपमा व्यक्ति तथा संस्था विशेषको नाममा कायम गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादी कलाधर देउजासमेत रहेको विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ,' अख्तियारका प्रवक्ता नरहरि घिमिरेले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

प्रतिवादीहरूविरुद्ध २०६६ माघ २२ गते आरोपपत्र दायर गरेकोमा २०८० फागुन ३ गते केहीलाई सफाइ र केहीलाई अंशिक सफाइ दिइएको थियो । मीनबहादुरलाई सजाय पुगेन अख्तियारले भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङलाई सजाय नपुगेको ठहर गरेको छ ।

क्रमशः पृष्ठ २ मा

### यी हुन् ११० प्रतिवादी

कलाधर देउजा, मुकुन्दप्रसाद आचार्य, सुरेन्द्रमान कपाली, धर्मप्रसाद गौतम, जगतप्रसाद पुडासैनी, युक्तप्रसाद श्रेष्ठ, रुद्रकुमार श्रेष्ठ, पुष्पराज उपाध्याय, इन्द्रप्रसाद ढुंगाना, टीकाराम घिमिरे, टीकाबहादुर बिसी, जीवनाथ पोखरेल, अर्जुनप्रसाद भण्डारी, मोहम्मद साविर हुसैन, श्रीहरि पुडासैनी, श्यामकुमार क्षेत्री, हरिकृष्ण तिमिल्सिना, परशुराम पोखरेल, कृष्णप्रसाद पौडेल, प्रकाशनारायण भट्ट, टंकनाथ पौडेल, प्रेमबहादुर खापुङ, अर्जुनकुमार खतिवडा, शंकरप्रसाद सुवेदी, अंगुरकुमार सिग्देल, केदारप्रसाद श्रेष्ठ, कमल घिमिरे, देवबहादुर लामिछाने, भरतचन्द्र अर्याल, जनकबहादुर भण्डारी, हुपेन्द्रमणी केसी, जीतबहादुर थापा, छविराज पन्त, डम्बर श्रेष्ठ, राजेन्द्रमान श्रेष्ठ,

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# सहायता रकम बढाएयता ९३ परिवारले पाए १० लाख क्षतिपूर्ति

## मृत्युको मुख्य कारण खाडीमा दुर्घटना र युरोपमा आत्महत्या

■ **ममता थापा**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकको परिवारलाई दिइने क्षतिपूर्तिको रकम बढाएयता ९३ परिवारले यस्तो रकम बुझेका छन् । वैदेशिक रोजगार बोर्डले ती परिवारलाई १०-१० लाख रूपैयाँका दरले क्षतिपूर्ति उपलब्ध गराएको हो ।




वैदेशिक रोजगार नियमावलीको छैटौं संशोधनपछि सरकारले मृत्युबापतको क्षतिपूर्ति रकम सात लाखबाट बढाएर १० लाख रूपैयाँ पुऱ्याएको थियो । यो प्रावधान गत कात्तिक ८ गतेबाट कार्यान्वयनमा आएको हो । त्यसयता विभिन्न देशमा मृत्यु भएका ९१ श्रमिकका परिवारले १०-१० लाख रूपैयाँ क्षतिपूर्ति पाएको बोर्डले जानकारी दिएको छ ।

श्रम सम्झौता सकिएका तथा कात्तिक ८ गतेभन्दा अगाडि मृत्यु भएकाहरूले भने १० लाख रूपैयाँ नपाउने बोर्डका प्रवक्ता तथा सूचना अधिकारी टीकाराम ढकालले प्रस्ट पारे । 'कतिपय मृतकका परिवार समयमा आउनुहुन्न, कतिको श्रम सम्झौता सकिएको हुन्छ । त्यसैले मृत्यु भएजति सबैका परिवारले १० लाख रूपैयाँ पाउँछन् भन्ने हुँदैन,' उनले प्रभावसँग भने ।

बोर्डले चालु आर्थिक वर्ष २०८१/८२ को सात महिनामा ८२८ जना मुतकका परिवारलाई सहायता प्रदान गरेको तथ्यांक छ । जसमध्ये साउनमा ७९, भदौमा १६६, असोजमा १०८, कात्तिकमा ७५, मंसिरमा ९९, पुसमा १८८ र माघमा ११३ जना मृतकका परिवारले राहत रकम पाएका हुन् । क्षतिपूर्ति पाउनेमा ७८० जना पुरुष र ४८ जना महिला श्रमिकका परिवार रहेका छन् । उक्त अवधिमा बोर्डले ३५० जनाको शव झिकाएको तथा ७५३ जनाको शव घरसम्म ढुवानी गरिदिएको जानकारी दिएको छ ।

बोर्डले विदेशमा मृत्यु भएका श्रमिकका परिवारलाई तीन प्रकारको क्षतिपूर्ति उपलब्ध गराउने बोर्डका प्रवक्ता ढकाल बताउँछन् । उनका अनुसार कात्तिक ८ गतेयता मृत्यु भएका श्रमिकका परिवारलाई श्रमिकको श्रम अवधि बाँकी रहेको अवस्थामा १० लाख रूपैयाँ उपलब्ध गराउने व्यवस्था छ । कात्तिक ८ गते अगाडि मृत्यु भएर अवधिभित्रै निवेदन पुगेको छ भने सात लाख र श्रम अवधि सकिएपछि मृत्यु भएको छ भने २५ हजार रूपैयाँ दिने व्यवस्था छ ।

क्रमशः पृष्ठ ७ मा

# दक्ष कामदार लैजान जापान सकारात्मक



**काठमाडौं (प्रस)–** नेपालका लागि जापानी राजदूत माएदा तोरुले नेपालबाट दक्ष कामदार जापान पठाउने विषयमा आफू सकारात्मक रहेको बताएका छन् ।

मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीसँगको शिष्टाचार भेटका क्रममा उनले उक्त कुरा बताएका हुन् । राजदूत तोरुले नेपाली कामदारका सेवा, सुविधा र सुरक्षाका विषयमा आफूले सकारात्मक पहल गर्ने प्रतिबद्धतासमेत जनाएको मन्त्रालयले जनाएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटका क्रममा श्रममन्त्री भण्डारीले नेपालबाट जापान पुगी कार्यरत रहेका नेपाली कामदारहरूको सेवा, सुविधा र सुरक्षालगायतका विषयमा चासो राखेका थिए । भेटमा नेपाल र जापानबीच भएको आपसी समझदारी एवं श्रम सम्झौताको कार्यान्वयनका विविध पक्षमा छलफल भएको मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले जानकारी दिए ।

यसैगरी जापान सरकारको मागबमोजिम पठाइने दक्ष सीपयुक्त कामदारको सन्दर्भमा दुवै पक्षबीच छलफल गरी यथाशीघ्र निष्कर्षमा पुऱ्याउनुपर्ने विषयमासमेत दुवै पक्षबीच छलफल भएको उनले बताए । नेपाली कामदारका लागि जापान सुरक्षित र आकर्षक गन्तव्य रहेको साथै आगामी दिनमा नेपाली कामदार जापान पठाउने सन्दर्भमा दुवै पक्षले समझदारीका आधारमा सहकार्यलाई निरन्तरता दिने विषयमासमेत छलफल भएको प्रवक्ता घिमिरेले बताए ।




## पृष्ठ १ बाट क्रमशः

# विशेषको फैसला...

विशेष अदालतले उनलाई ११ करोड २० लाख रूपैयाँ जरिवाना हुनेगरी थोरै सजाय तोकेको थियो । 'प्रतिवादीहरू रामकुमार सुवेदी, शोभाकान्त ढकाल र मीनबहादुर गुरुङले सुनियोजितरूपमा सरकारी जग्गा मोही भनिएका व्यक्तिहरूको नाममा गैरकानुनीरूपमा दर्ता गरी गराई सोही जग्गा आफूहरूको एक र संयुक्त नाममा साथै आफ्ना श्रीमती र आफन्तका नाममासमेत संयुक्तरूपमा जग्गा राजीनामा पारित गरी गराई गैरकानुनी लाभ लिएको देखिएबाट यी प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) जको कसूरमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिमको कसूर गरेको देखियो,' गुरुङविरुद्ध विशेषले यो फैसला सुनाएको थियो । २०५९ को दफा ८ (१) ज को बिगो दाबीअनुसार धरौटी तिरेर उनी रिहा भएका थिए ।

२०५९ को दफा ८ (१) जको कसूर निकै कम भएको अख्तियारले दाबी गरेको छ । 'यी प्रतिवादीहरूले आफूहरूको प्रत्यक्ष संलग्नतामा सरकारी सार्वजनिक जग्गा आफू र आफ्नो नाम तथा कम्पनीमा दर्ता गराएको देखिँदादेखिँदै आरोप मागदाबी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ (४) बमोजिम सजाय गर्नुपर्नेमा ८ (१) ज को मतियारसम्मको कसूर कायम गरी कम बिगो कायम गरी गरेको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको हुँदा बदरभागी रहेको छ,' सर्वोच्चमा दर्ता गरिएको पुनरावेदनमा भनिएको छ, 'उल्लिखित प्रतिवादीहरूका हकमा आरोपपत्र मागदाबीबमोजिम प्रवितादीहरूको कसूरमा संलग्नता सबुद् प्रमाणबाट पुष्टि हुँदाहुँदै मागदाबीबमोजिम कसूर कायम गरी सजाय हुनुपर्नेमा विशेष अदालतको फैसलाले कम सजाय ठहर गरेको सो हदसम्मको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।'

### नीतिगत भन्दै मन्त्रीलाई उन्मुक्ति दिन खोजियो

विशेष अदालतले मन्त्रिपरिषद्को निर्णयलाई नीतिगत भन्दै उन्मुक्ति दिन खोजिएको अख्तियारको दाबी छ । २०८० फागुनमा विशेष अदालतका न्यायाधीश खुसीप्रसाद थारु, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले मन्त्रीहरूलाई दोषी ठहर गर्न नमिल्ने फैसला गरेको थियो । 'प्रतिवादी विजयकुमार गच्छदार र डम्बर श्रेष्ठको हकमा मन्त्रिपरिषद्को मिति २०६६ चेत २ ९, २०६७ वैशाख ३१ र २०६७ साउन २८ को निर्णयको हस्ताक्षरकर्ता यी प्रतिवादीसमेत रहेकोले मन्त्रिपरिषद्को सामूहिक निर्णयका मूल निर्णयकर्तालाई प्रतिवादी बनाउन नमिल्ने भनी आयोगकै दाबी रहेको अवस्थामा सोही सामूहिक निर्णयको अक्षुण्णताको संरक्षण यी प्रतिवादीलाई समेत जाने र यी प्रतिवादीको कुनै हदसम्म संलग्नता रहने देखिए पनि बद्नियत पुष्टि हुन नसकेको हुँदा सफाइ पाउने,' विशेषको फैसलामा भनिएको थियो ।

पूर्वमन्त्रीहरूको विशेषले गरेको यो फैसला गोलमटोल भएको अख्तियारको दाबी छ । 'सरकारी सार्वजनिक जग्गामा मोही कायम गर्ने भन्ने निर्णय नीतिगत निर्णयको आडमा सरकारी जग्गा वितरण गर्ने सुनियोजित उद्देश्यले एकपटक निर्णय भइसकेको निर्णयलाई पुनः संशोधन गर्न दोस्रोपटक टिप्पणी सदर गरेको देखिँदा प्रतिवादीको बद्नियत पुष्टि हुन आउँछ । यस्ता बद्नियत तथ्य पुष्टि हुने प्रतिवादीविरुद्धका सबुद् प्रमाणलाई विशेष अदालतबाट फैसला हुँदा गोलमटोल व्याख्या विश्लेषण गरिएको छ,' पुनरावेदनमा भनिएको छ ।

यसैगरी नियतवश गरिएका कसूर मन्त्रीलाई लागू हुन्न भन्ने भाष्य विशेषको फैसलामा भएको अख्तियारको तर्क छ । 'नियतबश योग्यता, ओहोदा र हैसियतलाई दुरूपयोग गरी गरिएको अक्षम्य कसूरजन्य कार्यलाई क्षम्य करार गर्ने तथा कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानुनको सर्वमान्य सिद्धान्त मन्त्रीलाई लागू हुँदैन भन्ने भाष्यको उजागर भएको छ,' पुनरावेदनमा भनिएको छ ।

विभिन्न देशमा यस्ता कसूरमा मन्त्रीलाई पनि कारबाही भएका 'रिफ्रेन्स' पेस गर्दै अख्तियारले यस्ता विषयलाई नीतिगत निर्णय मान्न नमिल्ने तर्क पेस गरेको छ । 'कर्मचारीलाई मात्र जिम्मेवार बनाई राजनीतिज्ञालाई उन्मुक्ति दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ । कसूरजन्य कार्यलाई कुनै पनि हालतमा नीतिगत निर्णय भन्न मिल्ने देखिँदैन,' पुनरावेदनमा भनिएको छ । अख्तियारले गच्छदारसँग नौ करोड ६४ लाख ७६ हजार रूपैयाँ बिगो मागदाबी गरेको छ ।

अर्का प्रतिवादी चन्द्रदेव जोशीले तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्रीको हैसियतले मन्त्रिपरिषद्मा पेस गर्न सोही प्रस्तावलाई स्वीकृतसम्म जनाएको देखिएको हुँदा बद्नियत तत्त्वको अभाव देखिएको भन्दै विशेषले सफाइ दिएको थियो । नौ करोड ६५ लाख ७६ हजार रूपैयाँ बिगो दाबी गरिएको उनले विभागीय मन्त्रीको हैसियतले २०६७ वैशाख २७ मा मुख्यसचिवको प्रस्तावलाई मन्त्रिपरिषद्मा पेस गर्न स्वीकृति दिएको देखिन्छ । उही काम कर्मचारीले गर्दा बद्नियत हुने तर मन्त्रीले गर्दा नहुने भन्ने तर्क ठीक नहुने अख्तियारको दाबी छ ।

'ललितानिवास जग्गा नेपाल सरकारको सम्पत्ति हो । एउटा सरकारले गरेको गलत निर्णयलाई उल्टाई सरकारी सम्पत्तिको रक्षा होस् भन्नेसमेत व्यहोराको निजको बयानले निजहरूले जानीबुझी कसूर गरेको तर त्यो अब अनुसन्धान अभियोजनबाट सच्याइयोस् भनी बयान गरेबाटसमेत ललितानिवास जग्गा व्यक्ति विशेषको नाममा मोही कायम गर्नसमेत यी प्रतिबादी डम्बर श्रेष्ठको संलग्नता रहेको पुष्टि हुन्छ,' पुनरावेदनमा दाबी गरिएको छ, 'उही काम राष्ट्रसेवक कर्मचारीले गरेमा बद्नियत तत्त्व पुष्टि भई कसूर हुने र सजाय निर्धारण हुने तर राजनीतिक आवरण र हैसियतमा गरेका व्यक्तिको उही एउटै काम तथा कसूरजन्य निर्णयमा कुनै दायित्व जिम्मेवारी वहन गर्नु नपर्नेगरी पूर्णरूपमा सफाइ पाउने हो भने फौजदारी कानुनको प्रयोग पद, हैसियत र औकातका आधारमा विभेदपूर्ण तवरले लागू हुने विशेष अदालतको फैसलाबाट निश्चित हुने भयो ।'

यता पूर्वमन्त्री जोशीको हकमा सात करोड आठ लाख ४८ हजार रूपैयाँ बिगो दाबी गर्दै पुनरावेदन गरिएको छ । सात करोड आठ लाख ४८ हजार रूपैयाँको बिगो दाबी गरिएका पूर्वसचिव दिनेश अधिकारीलाई पनि विशेषले सफाइ दिएको थियो । २०६८ देखि २०६९ सम्म तत्कालीन भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सचिव रहेका अधिकारीले सरकारी स्वामित्वमा नै रहिरहेको समरजंग कम्पनीको नामको सरकारी जग्गाको लगतभित्रको जग्गा हो भन्ने तथ्यको जानकारी हुँदाहुँदै गैरकानुनी लाभ खोजेको अख्तियारको दाबी छ । 'मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नका लागि झूठा तथ्यसहितको गलत लिखत तयार गर्ने र उक्त दुषित प्रस्ताव निर्णयका लागि मन्त्रिपरिषद्मा पेस गर्नेसमेतका गैरकानुनी कार्य गरी गराई नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी र व्यक्ति विशेषलाई प्रत्यक्ष फाइदा हुने कार्य गरेको पुष्टि भइरहेको छ,' पुनरावेदनमा भनिएको छ, 'यी यस्ता उल्लेखित सबुद् प्रमाण र बद्नियतपूर्वकका कसूरजन्य कार्यको विशेष अदालतबाट कुनै अध्ययन विश्लेषण तथा विवेचना नगरी उही कार्य गर्ने उही दर्जाको एक व्यक्ति कसूरदार ठहर गर्ने र उही कार्य गर्ने यी प्रतिवादीलाई सफाइ दिनेगरी भएको विशेष अदालतको फैसला न्यायको रोहमा विभेदपूर्ण एवं विचलित हुँदा बदरभागी छ ।'

■■■

# यी हुन् ११०...

बालकृष्ण श्रेष्ठ, सुरोजराज राजकर्णिकार, अशोकनाथ उप्रेती, दीप बस्न्यात, विजयकुमार गच्छदार, हरिबोल आचार्य, रामेश्वर विडारी, सेमन्तराज चापागाईं, हेमराज सुवेदी, तेजराज पाण्डे, दिनेशहरि अधिकारी, चन्द्रदेव जोशी, तुलसी पोखरेल, हरिप्रसाद जोशी, बलिरामप्रसाद तेली, दीलिपकुमार भट्ट, नवराज पौडेल, शैलेन्द्र पौडेल, जयप्रसाद रेग्मी, फणिन्द्रप्रसाद दाहाल, मणिकुमार राना, बद्रीबहादुर कार्की, लक्ष्मीनारायण उप्रेती, दिनेशप्रसाद शर्मा, रुक्मशमशेर जबरा, हाटक शमशेर, हेमन शमशेर जबरा, सुनिती राणा, शैलजा राणा, हेमान्द्री शमशेर जबरा, बिलबहादुर महर्जन, हर्कनारायण महर्जन भन्ने हर्ष महर्जन, कैलाशचन्द्र गोयल, माधवी सुवेदी, उमाकुमारी ढकाल्नी, श्रीकृष्ण महर्जन, चमेली श्रेष्ठ, कान्छा महर्जन, देवनारायण महर्जन, तीर्थमाया महर्जन, रेना गुरुङ, बाबुराजा महर्जन, मचानानी महर्जन, ग्वाराभाइ महर्जन, द्वारिकामान महर्जन, रजनी पनेरु, बाबा कार्की, अगम ढुंगाना, खेमलाल खरेल, मीनबहादुर गुरुङ, लक्ष्मी ढकाल, तीर्थमाया महर्जन, देवनारायण महर्जन, श्रीमती मोहन महर्जन, सञ्जयकुमार महर्जन, सकुलानन्द महर्जन, इन्द्रबहादुर थापा क्षेत्री, शान्ती मल्ल प्रधानांग, मिठुदेवी चापागाईं, सरस्वतीकुमारी श्रेष्ठ, निर्मलादेवी श्रेष्ठ, मोहनप्रसाद भट्टराई, बैकुण्ठ शर्मा रेग्मी, विद्या पौडेल गौतम, सोदाकुमारी चापागाईं, भुवनकुमारी चापागाईं, खिमादेवी आङबुहाङ, शशीकला सुब्बा, उर्मिला शाह, रामनाथ घिमिरे, रामकल्याण अधिकारी, शोभाकान्त ढकाल र रामकुमार सुवेदी ।

■■■

# अविच्छिन्न...

नेमकिपाको लक्ष्य देश र जनताको निःस्वार्थरूपमा सेवाबाहेक अर्को छैन,' उनले भने । पार्टीमा उनी रोहित नामले चिनिन्छन् । लेखकका रूपमा भने हरिबहादुर श्रेष्ठले चिनिन्छन् । उनै रोहित आधा शताब्दीसम्म पार्टीमा निर्विकल्प नेतृत्व देखिए । वामपन्थी पार्टीमा अविच्छिन्न नेतृत्व देखिएको नेमकिपामा मात्रै होइन । गत वर्षको चैतमा अर्को वामपन्थी दल नेकपा मसालको सातौंपटक महामन्त्री बने- मोहनविक्रम सिंह । मसालमा महामन्त्री पद नेतृत्वदायी जिम्मेवारीयुक्त हो । ८८ वर्षीय सिंहसँग महामन्त्रीमा प्रतिस्पर्धा गर्न कसैले आँटसम्म गरेनन् । उनी सर्वसम्मत महामन्त्री बने ।

लामो समय भूमिगत रहेका उनी पछिल्लो समय अर्धभूमिगत रहँदै आएका छन् । मसालको महाधिवेशन २९ चैत २०८० मा काठमाडौंमा भएको थियो । पहिलोपटक महामन्त्री बन्दै पार्टी नेतृत्व गरेको २०३१ सालमा हो । जतिबेला नेकपा मसालको चौथो महाधिवेशन भएको थियो । त्यही महाधिवेशनबाट उनी शक्तिशाली महामन्त्री बनेका थिए । त्यसयता कारबाहीमा परेको समयबाहेक महामन्त्रीका रूपमा रहेर पार्टी नेतृत्व गर्दै आएका छन् ।

उनलाई सोही पार्टीको खुला मोर्चा भनेर चिनिने राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले एकपटक पनि चुनौती दिएका छैनन् । अन्य नेताहरू पनि सिंहलाई नेतृत्वमा टक्कर दिन सातौंपटकको महाधिवेशनसम्म देखिएनन् ।

हाल प्रमुख प्रतिपक्षी दलका नेता रहेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पनि ३५ वर्षदेखि लगातार नेतृत्वमा छन् । कहिले महामन्त्री त कहिले अध्यक्षका रूपमा अविच्छिन्न नेतृत्व छन् । देशमा प्रजातन्त्र पुनःस्थापनाको आसपासमा दाहाल नेकपा मशालको महामन्त्री भएका थिए । यो नेतृत्वदायी पद हो । वि.सं. २०४३ सालमा मोहन वैद्यले नेतृत्व गरेको मशालले पञ्चायती व्यवस्थाले घोषणा गरेको निर्वाचन बिथोल्न प्रहरी चौकीहरूमा आक्रमण प्रयास गरेको थियो । कम्युनिस्ट राजनीतिमा 'सेक्टर काण्ड' भनेर चिनिने घटनापछि नै दाहाल महामन्त्री भएका थिए । यो २०४४ सालको प्रसंग हो । त्यसपछि लगातार दाहाल पार्टी नेतृत्वमा छन् । १० वर्षे माओवादी सशस्त्र संघर्षका बेला पनि उनी सुप्रिम कमाण्डर थिए । पार्टी शान्ति प्रक्रियामा आएपछिका महाधिवेशनबाट पनि दाहाल जहिल्यै सर्वसम्मत हुँदै आएका छन् । उसो त हालसम्म प्रत्यक्ष चुनाव लडेर नेतृत्वमा स्थापित हुने अभ्यास माओवादीमा भएको छैन ।

राजनीतिक विश्लेषक तथा सहप्राध्यापक घिमिरे माओवादी अध्यक्षमा दाहाल दोहोरिरहनुमा प्रत्यक्ष चुनाव नहुनुलाई मान्छन् । 'अहिलेसम्म माओवादीको महाधिवेशन जसरी भए, कुनै पनि महाधिवशेनमा नेतृत्व चयन प्रत्यक्ष चुनाव लडेर चुनिएन, खाली हललेे ताली पड्काएर भयो तर चुनाव भयो भने के हुन्छ ? त्यस्तोमा दाहाल नै दोहोरिन्छन् भन्ने कुनै निश्चित हुँदैन,' उनले भने ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा पनि मोहन वैद्य लगातार नेतृत्वमा छन् । २०६९ मा माओवादीबाट अलग भएयताको १२ वर्ष उनी अविच्छिन्न नेतृत्वमा छन् । पछिल्लोपटक गत २३ मंसिरमा भएको महाधिवेशनबाट फेरि महासचिवमा चुनिए । उनलाई सिपी गजुरेलजस्ता शीर्षस्थ नेताले नेतृत्वमा चुनौती दिएनन् ।

अर्को कम्युनिस्ट पार्टी नेकपा मालेमा सिपी मैनाली ३३ वर्षदेखि पार्टी महासचिव छन् । उनको विकल्पमा कोही पनि नेता देखिएका छैनन् । यीबाहेक अन्य साना वाम धारका दलहरूमा पनि नेतृत्व परिवर्तन दशकौंदेखि भइरहेको छैन । माओवादी सचिव राम कार्कीले नेतृत्व त्यसै परिवर्तन कहिल्यै नहुने बताएका छन् । उनले नेतृत्व वैचारिक वा राजनीतिक दुवै ढंगले खारिएका परिपक्व व्यक्तिमात्रै हुने बताए । 'नेतृत्व रहरले हुने होइन, विचारले हुने हो । जुन बेलासम्म विचारको सान्दर्भिक रहन्छ, त्यसबेलासम्म नेतृत्व रहन्छ, अहिले कोही नेता दोहोरिरहेको भए उसको विचार सान्दर्भिक छ भनेर बुझिनुपर्छ,' उनले भने ।


## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना
(सूचना प्रकाशन मिति: २०८१-११-२१)

यस कालिका नगरपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित शिलबन्दी दरभाउपत्र आह्वान सूचनाको म्याद भित्र पर्न आएका शिलबन्दी दरभाउपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको शिलबन्दी दरभाउपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| S.N | Bid IFB No. | Name of Projects | Date of Second Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 04/Goods/SQ/KM/081/082 | SUPPLY & DELIVERY OF VET. MEDICINE & VETERINARY FEED SUPPLEMENT ITEMS | 2081-10-28 (BS) | 9,96,832/- | Shivasarathi Vet Pharma Pvt. Ltd., Kathmandu | |

प्रमुख प्रशासकीय अधिकृत

## धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी, कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मिति :–२०८१।११।२१

यस कार्यालयद्वारा २०८१।११।१५ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको तल उल्लेख भएको निर्माण कार्यका लागि तपसिल बमोजिम ठेक्काको सूचनामा उल्लेखित अन्तिम मिति भित्र पर्न आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयपत्रको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अङ्क भ्याट बाहेक PS सहित रू. | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| 1. | Road Maintenance work at different ward of Dharan Sub-Metropolitan City | 10/DHARAN/WORKS/NCB/081/82 | २,१७,९१,६४४.३९ | Friendship-Bhattarai JV, Kathmandu-10 |

## साउदीमा रोजगार
कम्पनी : IMDAD AL DEIRA MEALS SUPPLY ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319773 | चलानी नं. ६०२३३९५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1300 | ४८,२६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २८ गते (12th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75

## जापानमा रोजगार
कम्पनी : Kuroshio Business Cooperative Asociation
पूर्व स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 319750 | चलानी नं. ६०२३३९०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 4 | 0 | 170000 | १५९,९५५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | नि:शुल्क | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २८ गते (12th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४

## जापानमा रोजगार
कम्पनी : ASEAN COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 319583 | चलानी नं. ६०२३३९०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 3 | 0 | 230066 | २१४४८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASEAN COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 319584 | चलानी नं. ६०२३३९०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION EQUIPMENT OPERATOR | 3 | 0 | 169448 | १५७९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ASEAN COOPERATIVE
पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319412 | चलानी नं. ६०२३३९०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Excavation Foreman | 4 | 0 | 187157 | १७४४७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २८ गते (12th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, Email: inspireintemp@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Establishment Rode Al-Fares For Logistics
पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319785 | चलानी नं. ६०२३३९५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 3 | 0 | 1800 | ६६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २८ गते (12th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


JERRY MANAGEMENT SYSTEM Pvt. Ltd. Govt. License 1031/068/69
Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

## युएइमा रोजगार
कम्पनी : OASH ALDABABEER CARPENTRY AND INSULATION CONTRACTING LLC
पूर्व स्वीकृति मिति : २०८१/११/१९ | LT. No. 319727 | चलानी नं. ६०२३३९०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 7 | 0 | 1200 | ४५,४९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixers | 3 | 0 | 1200 | ४५,४९४ | | | | | | | |
| 3 | Concrete Masons | 5 | 0 | 1200 | ४५,४९४ | | | | | | | |
| 4 | Stone Mason | 3 | 0 | 1200 | ४५,४९४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २८ गते (12th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा रोजगार
कम्पनी : ALPHA MULTI FORCE SDN BHD
पूर्व स्वीकृति मिति : २०८१/०१/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२० | LT. No. 303896 | चलानी नं. ६०२३३९४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४६,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २८ गते (12th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GULF MANAGEMENT INTERNATIONAL PVT.LTD श्रम ईजाजत नं. ७८८/०६५/०६६
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## बहराइन/साउदीमा रोजगार
कम्पनी : TARADA STAR BOUTIQUE
पूर्व स्वीकृति मिति : २०८१/१०/३० | LT. No. 318788 | चलानी नं.६०२३३२८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 150 | ५५,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : That we, True fast food restaurant
पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318902 | चलानी नं.६०२३३२७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४४,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ali Abdullah Abdullah Al Haider General Contracting Est
पूर्व स्वीकृति मिति : २०८१/११/०६ | LT. No. 319029 | चलानी नं.६०२३३९२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING | 16 | 0 | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Afaq Sahari Commercial Establishment
पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 316830 | चलानी नं.६०२३३२७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 7 | 0 | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २८ गते (12th Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Faraz International Overseas Pvt. Ltd Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

# बोरिङ खन्दा ग्यास 'लिकेज' भएपछि स्थानीय त्रसित

## वडाध्यक्ष केसी भन्छन्- सामान्य घटना हो, डराउनै पर्दैन

**ललितपुर (गोदावरी)**– टीकाथली क्षेत्रमा बोरिङ गर्ने क्रममा ग्यास 'लिकेज' भएपछि स्थानीय जनता त्रसित भएका छन् । उक्त घटनापछि ग्यास अन्वेषण तथा भण्डारण, बस्ती व्यवस्थापनलगायत विषयमा स्थानीयवासी विचारविमर्श गरिरहेका छन् ।

महालक्ष्मी नगरपालिका-५, टीकाथलीस्थित बुजुर्ग खोला करिडोर क्षेत्रमा खानेपानीका लागि 'बोरिङ' गर्नेक्रममा ग्यास निस्केपछि यसै विषयमा केन्द्रित भई तर्कवितर्क सुरु हुन थालेको हो । स्थानीय बासिन्दा महेश महर्जन खानेपानीका लागि बोरिङ गर्ने सिलसिलामा करिब २७५ मिटर गहिराइमा पुगेपछि एक्कासि ग्यास लिकेज भई आगोको लप्का निस्केको घटनालाई सामान्य रूपमा लिन नहुने बताउँछन् ।

टीकाथली खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका सदस्य राजेशकुमार राणाका अनुसार यसअघि पनि बोरिङ गर्नेक्रममा करिब १०० मिटर खन्दा ग्यास निस्केको घटनासमेतलाई दृष्टिगत गरी खानेपानीको अभाव रहेको टीकाथली क्षेत्रमा बोरिङमार्फत पानी निकाल्ने काम थप जटिल बनेकाले यसतर्फ जिम्मेवार निकायको ध्यान जान आवश्यक छ ।

सदस्य राणाले भने, 'करिब ७०/८० वर्षअघि नेपाल र भारतबीच ग्यास प्लान्ट स्थापना गर्ने सन्दर्भमा सम्झौता भई ललितपुरको इमाडोल, टीकाथली र खरिबोट क्षेत्रमा भण्डारणका लागि जग्गा छुट्याइएको तर कार्यान्वयन नभएको भन्ने कुरा


अग्रजहरूबाट सुनेका हौं, तर अहिले अचम्मित हुनेगरी पानीका लागि जमिन खन्दा ग्यास पो निस्कन थाल्यो । पानीको समस्या झेलिरहेका यस क्षेत्रका जनता झन् त्रसित र अप्ठ्यारोमा परेका छन्, यसतर्फ सम्बन्धित पक्षले समयमै सोच्न जरुरी छ ।'

महालक्ष्मी नपा-५ को वडाध्यक्ष कपिल केसीले भने, 'मेरो स्थायी बसोबास रहेको टीकाथली क्षेत्रमा बोरिङ गरी खानेपानी निकाल्ने क्रममा करिब २७५ मिटर गहिरो खनेपछि अपेक्षा गरिएअनुसार नै पानी आउन थाल्यो । यसैबीच फलामको पाइप जडान गर्ने क्रममा 'वाइरिङ' गर्दा निस्केको आगोको सामान्य लप्कालाई अहिले बढाइचढाइ समाजलाई त्रसित बनाउने काम भइरहेको छ । बाहिर आएको जस्तो नभई यो सामान्य घटना हो, कोही पनि त्रसित हुन आवश्यक छैन ।' *रासस*

# ट्राफिक व्यवस्थापनमा प्रहरी र समुदायसँगसँगै

ललितपुर (प्रस)- सहरी क्षेत्रका साना सडक तथा चोकलाई सुरक्षित बनाइ ती स्थानमा सवारीसाधन व्यवस्थापन गर्न समुदाय र सुरक्षाकर्मी एकीकृत भइ अगाडि बढ्नुपर्नेमा जोड दिइएको छ ।

'हर प्रहर, गाउँ र नगरी, टोल टोलमा नेपाल प्रहरी' नाराका साथ मंगलबार ललितपुर महानगरपालिका-२५ भैँसेपाटीको प्रगतिनगर चोकमा आयोजित अन्तरक्रियाका वक्ताहरूले शान्तिपूर्ण एवं सुरक्षित समाजका लागि समुदाय-प्रहरीबीचमा साझेदारी गर्नुपर्नेमा जोड दिए ।

प्रगतिनगर सडक विस्तार तथा स्तरोन्नति उपभोक्ता समितिका अध्यक्ष दिनेश अम्गाईले टोलको विकास र स्थानीय आवश्यकतालाई पूर्ति गर्न सबै एक हुनुपर्ने बताए । उनले टोलवासी एवं प्रहरीबीचको सौहार्द्रताले समाजलाई सुरक्षित राख्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

प्रहरी प्रभाग भैँसेपाटी बुङ्मतीका प्रहरी निरीक्षक शशिधर शर्माले टोलीवासीलाई एकताबद्ध भएर सुरक्षा निकायसँग सम्पर्कमा रहन आग्रह गरे । उनले टोलमा अव्यवस्थित पार्किङ नगर्न सुझाव दिए । उक्त अवसरमा स्थानीयवासी डा. लक्ष्मण न्यौपानेले टोल समाजको विकासको स्तर उकास्न टोलवासी एकताबद्ध हुन आग्रह गरे । उनले सडकमा अनावश्यक पार्किङ नगर्न र फोहोर नफाल्न आग्रह गर्दै सबैको बलबाट समाजलाई सुरक्षित र सफा राख्न मद्दत पुग्ने बताए ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

# तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/११/२१ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालयः शिवनगर, रौतहट**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उधोग मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय रौटहट, गौरमा औधोगिक व्यवसाय ऐन, २०७६ बमोजिम मिति २०७७/०७/२६ मा दर्ता नं. ८२२२/९१९/२२०/५४ कायम भई दर्ता भएको रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ४ स्थित **खुर्सेद मोटर साईकल वर्कशप**
**प्रोप्राइटरः शेख अस्तर**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. शेख मोवारकको नाति, शेख अजाम गिरको छोरा, रौतहट जिल्ला, गम्हरीया पर्सा गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **शेख अस्तर (ना.प्र.प.नं. ३२-०६-७३-०१९८४, रौतहट)**
२. शेख दुवरीको नाति, शेख मोवारकको छोरा, रौतहट जिल्ला, गम्हरीया पर्सा गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **शेख अजाम गिर (ना.प्र.प.नं. ४०९/१०२४, रौतहट)**
३. शेख मोवारकको बुहारी, शेख अजाम गिरको पत्नी, रौतहट जिल्ला, गम्हरीया पर्सा गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **रकिबा खातुन (ना.प्र.प.नं. ०३२३०७७/६५, रौतहट)**
४. शेख मोवारकको नाति, शेख अजाम गिरको छोरा, रौतहट जिल्ला, गम्हरीया पर्सा गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **शेख खुरसैद (ना.प्र.प.नं. ३२-०१-७०-०४३०९, रौतहट)**

**२. ऋणीको विवरण**

सिताराम साहको नाति, राधेश्याम प्रसाद साहको छोरा, रौतहट जिल्ला, समनपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **राहुल कुमार साह (ना.प्र.प.नं. ३२-१-७०-१३९७, रौतहट)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. साधो साहको नाति, सिताराम साहको छोरा, रौतहट जिल्ला समनपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **राधेश्याम प्रसाद साह (ना.प्र.प.नं. ३३९७, रौतहट)**
२. सिताराम साहको बुहारी, राधेश्याम प्रसाद साहको पत्नी, जिल्ला रौतहट समनपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **उर्मिला साह तेली (ना.प्र.प.नं. १३८१, रौतहट)**

**३. ऋणीको विवरण**

देवधर महतोको नाति, सिताराम महतो कोइरीको छोरा, रौतहट जिल्ला, मर्यादपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **प्रेमशंकर महतो कोइरी (ना.प्र.प.नं. ५७७१, रौतहट)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

सिताराम महतो कोइरीको बुहारी, प्रेमशंकर महतो कोइरीको पत्नी, रौतहट जिल्ला, इनर्वा गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **सिता कुमारी (ना.प्र.प.नं. ३८०४, रौतहट)**

**४. ऋणीको विवरण**

नेपाल सरकार, उधोग मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय रौतहट गौरमा औधोगिक व्यवसाय ऐन, २०७६ बमोजिम मिति २०७८/१०/०३ मा दर्ता नं. १०६९०/१२९०/४१३/१०४ कायम भई दर्ता भएको रौतहट जिल्ला, कटहरीया न.पा वडा नं. ९ स्थित **श्याम कृषि पशु फार्म** **प्रोप्राइटरः जनारसी**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. विरजोधन हजरा दुसाधको बुहारी, रामश्रे हजराको पत्नी, रौतहट जिल्ला, पिप्रापोखरीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **जनारसी (ना.प्र.प.नं. ५६४०, रौतहट)**
२. प्रयाग हजराको नाति, विरजोधन हजरा दुसाधको छोरा, रौतहट जिल्ला, पिप्रापोखरीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **रामश्रे हजरा (ना.प्र.प.नं. ५४१६, रौतहट)**
३. विरजोधन हजरा दुसाधको नाति, रामश्रे हजराको छोरा, रौतहट जिल्ला, बगाही गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सिताराम पासवान (ना.प्र.प.नं. ३२३०६९/४, रौतहट)**
४. रामश्रे हजराको बुहारी, सिताराम पासवानको पत्नी, रौतहट जिल्ला, बगाही गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सन्जु देवी पासवान (ना.प्र.प.नं. ३२३०६९/११५, रौतहट)**
५. विरजोधन हजरा दुसाधको नाति, रामश्रे हजराको छोरा, रौतहट जिल्ला, बगाही गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **सियाराम पासवान (ना.प्र.प.नं. ३२३०६९/१२७, रौतहट)**
६. रामश्रे हजराको बुहारी, सियाराम पासवानको पत्नी, रौतहट जिल्ला, बगाही गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **गिता देवी (ना.प्र.प.नं. ३२३०६९/२०५, रौतहट)**

**५. ऋणीको विवरण**

भेरखी राय यादवको नाति, हृदय नारायण यादवको छोरा, रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **दिपेन्द्र प्रसाद यादव (ना.प्र.प.नं. १३५२, रौतहट)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भेरखी राय यादवको बुहारी, हृदय नारायण प्रसाद यादवको पत्नी, रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **धरोहरी देवी यादवनी (ना.प्र.प.नं. ८२६९, रौतहट)**
२. भेरखी राय यादवको नाति, हृदय नारायण यादवको छोरा, रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **धिरेन्द्र प्रसाद यादव (ना.प्र.प.नं. ३६३३, रौतहट)**
३. हृदय नारायण यादवको बुहारी, दिपेन्द्र प्रसाद यादवको पत्नी, रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **सुनिता यादव (ना.प्र.प.नं. ५६०८, रौतहट)**
४. हृदय नारायण यादवको बुहारी, धिरेन्द्र प्रसाद यादवको पत्नी, रौतहट जिल्ला, पिपरीया दो. गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **सिला यादव (ना.प्र.प.नं. ५२०१, रौतहट)**

**६. ऋणीको विवरण**

लक्षण राय यादवको नाति, रामदेव राय यादवको छोरा, रौतहट जिल्ला, धरहरी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **नागेन्द्र राय यादव (ना.प्र.प.नं. १२१७, रौतहट)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. केश्वर रायको नाति, लक्षण राय यादवको छोरा, रौतहट जिल्ला, धरहरी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रामदेव राय यादव (ना.प्र.प.नं. १७१०, रौतहट)**
२. लक्षण राय यादवको बुहारी, रामदेव राय यादवको पत्नी, रौतहट जिल्ला, धरहरी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **राम कुमारी देवी (ना.प्र.प.नं. २१०, रौतहट)**
३. लक्षण राय यादवको नाति, रामदेव राय यादवको छोरा, रौतहट जिल्ला, धरहरी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रम्भु कुमार यादव (ना.प्र.प.नं. ३२१०५/६०९, रौतहट)**
४. लक्षण राय यादवको नाति, रामदेव राय यादवको छोरा, रौतहट जिल्ला, धरहरी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **शम्भु प्रसाद राय यादव (ना.प्र.प.नं. ३२१०७५/५८४, रौतहट)**

**७. ऋणीको विवरण**

शिव गुलाम राय यादवको नाति, जगन्नाथ राय यादवको छोरा, रौतहट जिल्ला, बिर्ति प्रष्टोका गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अशोक कुमार यादव (ना.प्र.प.नं. २६००, रौतहट)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. चौधर राय यादवको नाति, शिव गुलाम राय यादवको छोरा, रौतहट जिल्ला, बिर्ति प्रष्टोका गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **जगन्नाथ राय यादव (ना.प्र.प.नं. ८४०६, रौतहट)**
२. जगन्नाथ राय यादवको बुहारी, अशोक कुमार यादवको पत्नी, रौतहट जिल्ला, बिर्ति प्रष्टोका गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **रम्भा देवी (ना.प्र.प.नं. २७६१, रौतहट)**
३. जगन्नाथ राय यादवको नाति, अशोक कुमार यादवको छोरा, रौतहट जिल्ला, बिर्ति प्रष्टोका गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **रुपेश कुमार यादव (ना.प्र.प.नं. ३२-३-७१-८, रौतहट)**
४. शिव गुलाम राय यादवको नाति, जगन्नाथ राय यादवको छोरा, रौतहट जिल्ला, बिर्ति प्रष्टोका गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अरबिन्द्र कुमार यादव (ना.प्र.प.नं. २६०१, रौतहट)**
५. जगन्नाथ राय यादवको बुहारी, अरबिन्द्र कुमार यादवको पत्नी, रौतहट जिल्ला, बिर्ति प्रष्टोका गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सोविता देवी (ना.प्र.प.नं. २७६०, रौतहट)**

**८. ऋणीको विवरण**

नेपाल सरकार, उधोग मन्त्रालय घरेलु तथा साना उधोग कार्यालय गौर, रौतहटमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६९/०३/०३ मा दर्ता नं. १२०४/३२४ कायम भई दर्ता भएको रौतहट जिल्ला, कटहरीया गा.वि.स./न.पा. वडा नं. ९ स्थित **ललिता किराना पसल**
**प्रोप्राइटर : रामइश्वर कुमार पंडित**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. रुदल पंडित कुम्हारको नाति, डुमन पंडित कुम्हारको छोरा, रौतहट जिल्ला, पिप्रापोखरीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **रामइश्वर कुमार पंडित (ना.प्र.प.नं. ५२६७, रौतहट)**
२. डुमन पंडित कुम्हारको बुहारी, रामइश्वर कुमार पंडितको पत्नी, रौतहट जिल्ला, पिप्रापोखरीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **ललीता देवी (ना.प्र.प.नं. १४०२, रौतहट)**
३. रुदल पंडित कुम्हारको नाति, मुखा पंडित कुम्हारको छोरा, रौतहट जिल्ला, पिप्रापोखरीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **रामएकवाल पंडित (ना.प्र.प.नं. ४३२, रौतहट)**
४. मुखा पंडित कुम्हारको बुहारी, रामएकवाल पंडितको पत्नी, रौतहट जिल्ला, पिप्रापोखरीया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **उमापति देवी पंडित (ना.प्र.प.नं. १५८५, रौतहट)**

**शाखा कार्यालयः सुन्दरबजार, लमजुङ**

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उधोग विकास समिति शाखा कार्यालय, लमजुङमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/०१/१५ मा दर्ता नं. ३८२/०६५/०६६ कायम भई दर्ता भएको लमजुङ जिल्ला, सुन्दरबजार गा.वि.स. वडा नं. ४ स्थित **श्री महालक्ष्मी सुन चांदी पसल** **प्रोप्राइटरः लाल बहादुर विश्वकर्मा**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. तारापती विश्वकर्माको नाति, हिमलाल विश्वकर्माको छोरा, चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **लाल बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ३५-९१५, चितवन)**
२. हिमलाल विश्वकर्माको बुहारी लाल बहादुर विश्वकर्माको पत्नी, चितवन जिल्ला, जगतपुर गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **बुद्धिकला विश्वकर्मा (ना.प्र.प.नं. २०९९/०६२, चितवन)**
३. डाँसे कामीको नाति, तारापती विश्वकर्माको छोरा, नवलपरासी जिल्ला, दाउन्ने देवी गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **हिमलाल विश्वकर्मा (ना.प्र.प.नं. १००१३, नवलपरासी)**
४. तारापती विश्वकर्माको बुहारी, हिमलाल विश्वकर्माको पत्नी, नवलपरासी जिल्ला, दाउन्ने देवी गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **निम कुमारी वि.क. (ना.प्र.प.नं. ३९४-८७२६६, नवलपरासी)**
५. हिमलाल विश्वकर्माको नाति, लाल बहादुर विश्वकर्माको छोरा, लमजुङ जिल्ला, सुन्दरबजार न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **अमित बि.क. (ना.प्र.प.नं. ४५-०१-७५-०१४७५, लमजुङ)**
६. हिमलाल विश्वकर्माको नातिनी, लाल बहादुर विश्वकर्माको छोरी, लमजुङ जिल्ला, सुन्दरबजार न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **आस्मा वि.क. (ना.प्र.प.नं. ४५-०१-७३-०१६३४, लमजुङ)**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कर्मकाण्डी नबनोस् बजेटको मार्गदर्शन

अर्थ मन्त्रालयले सधैंझैं यसपटक पनि बजेटको मार्गदर्शन जारी गरेको छ । आठबुँदे मार्गदर्शन झट्ट हेर्दा लोकप्रिय देखिन्छ । तर कार्यान्वयन के हुने हो त्यो भने हेर्नै बाँकी छ । निर्वाचनमा आफ्नो क्षेत्रमा विकास ल्याउँछु भन्दै वाचा कसेर नेताहरू चुनाव जितेर आएका हुन्छन् । विशेषगरी प्रभावशाली नेताहरू र सत्तारुढ दलका नेताहरू अहिले बजेट आफ्नो क्षेत्रमा पार्न मन्त्रालय मन्त्रालय चहार्न थालेका छन् । खासगरी प्रमुख राजनीतिक दलका प्रमुखहरू आफ्नो क्षेत्रमा बजेट पार्न सफल हुन्छन् पनि । मन्त्रीहरू पनि सकेसम्म आफ्नो क्षेत्रलाई चुनावी आधार बनाउन बजेट छुट्याउन माहिर छन् । यसोत्यसो गर्दा मार्गदर्शनलाई बिर्सेर मन्त्रीहरू दोहोरोतेहोरो बजेट पार्न खोज्छन् ।

राजस्व उठाउन नसक्दा पछिल्लो समय सरकार समस्यामा परेको छ । अन्तर्राष्ट्रिय व्यापार घाटा असन्तुलित तवरले घटेको छ । असुरक्षा, भ्रष्टाचार आदिका कारण परियोजनाहरू बेलैमा पूरा नहुँदा लगानीको जोखिम बढेका छन् । जसले गर्दा सरकारलाई स्रोत सुनिश्चित गर्न निकै अप्ठेरो परिरहेको छ । यस्तो अवस्थामा यथार्थपरक बजेट प्रस्ताव हुनुपर्ने मार्गदर्शन निकै राम्रो हो । अत्यावश्यक र खर्चमा मितव्यायिता शब्दहरू पनि सुन्दा मिठा छन् । स्रोत छर्ने प्रवृत्तिलाई पनि निरुत्साहित पार्ने विषयलाई जोड दिइएको छ ।

यसपटक राष्ट्रिय योजना आयोगले स्रोत छर्ने प्रवृत्तिलाई निरुत्साहित पार्नुपर्ने सुझाव दिँदै आएको छ । अहिले काठमाडौं बाहिर निस्कने हो भने मुख्य मार्गहरू निर्माणको क्रममा छ । पश्चिम पुग्ने महेन्द्र लोकमार्ग होस् या पूर्व छिचोल्ने बिपी राजमार्ग, हेटौंडा निस्कने सडक, अरनिको लोकमार्ग, सबै निर्माणकै क्रममा छ । जुन कहिले पूरा हुने हो मिति यकीन छैन । सर्वसाधारण यसबारे निर्धक्क भन्छन्– राज्य लागे केही समय लाग्दैन । तर राज्यको ढुकुटी बलियो छ त ? प्रश्न यहीनेर आएर अड्किन्छ । विगतमा बजेट छर्दा भारमाथि भार पर्दै आएको छ । त्यसमाथि विपद्को पूर्वानुमान गर्न नसक्दा यस्ता पूर्वाधारहरूमा विदेशी निकायको भर पर्नु सरकारको बाध्यता बनेको छ । सरकारले गेट, टावर, स्थानीय तहको भव्य भवनहरूमा चर्को बजेट खर्च गर्दा अर्को भार थपिएको छ । प्रदेशहरू मन्त्री क्वाटर बनाउने होडमा खर्च बढ्दो छ । यी विषयलाई मार्गदर्शनले छुन सकेको छैन । यसैले यस्ता विषयमा पनि बजेट निर्माणमा ध्यान देओस् ।

# प्रजातन्त्र संस्कारको रूपमा विकसित हुनुपर्छ



■ हरिविनोद अधिकारी

❛ जुन प्रजातन्त्रको हामी उपयोग र अभ्यास गरिरहेका छौं, के त्यही परिणामका लागि लाखौं नेपालीले रगत र पसिना बगाएका हुन्, प्रजातन्त्र प्राप्ति र पुनःप्राप्तिका लागि ? यो प्रश्न आजको समयमा सर्वत्र उठिरहेको छ । प्रजातन्त्रवादीले प्रजातन्त्रको नेतृत्व गरिरहेको छ कि प्रजातन्त्र विरोधीले प्रजातन्त्रको विरुद्धमा प्रजातन्त्र शब्द र प्रयोगको दुरूपयोग गरिरहेको छ ? यो त सबै जनताले हेर्ने र समीक्षा गर्ने कुरा हो । नागरिक समाजको पनि कर्तव्य हो कि के प्रजातन्त्रका पक्षमा हो र के विपक्षमा हो भनेर जनतालाई जानकारी गराउने ।

एउटा अकल्पनीय युग थियो जहानियाँ शासनको । त्यो जहानियाँ राणाशासनको संस्थापक थिए तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणा । उनले जुनसुकै उद्देश्यले आफ्ना सन्तानहरूले मात्र शासन चलाउन पाउनेगरी राणाहरूको शासकहरूको क्रम बसाले जसको अन्त्य २००७ सालको जनक्रान्तिले गरेको थियो । त्यसरी एउटा परिवारको हालीमुहालीमा राज्य चलाउने राणा परिवारका विरुद्धमा अन्याय खप्न नसक्ने राणाहरू पनि जनक्रान्तिका पक्षमा लागेको इतिहास भेटिन्छ ।

राणाशासनको विरुद्धमा केही संगठित, केही असंगठित प्रयास २००७ सालभन्दा पहिले पनि भएको पाइन्छ, जसको मुख्य आधारका रूपमा १९९७ सालको प्रजापरिषद्को जनविद्रोहको आवाज थियो, जसलाई राणाशासनले कुल्चियो र नेपालका महान् सपूतहरू शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गंगालाललाई मृत्युदण्ड दिइएको थियो । त्यसले तत्कालका लागि त राणा प्रशासनलाई राहत नै भएको थियो होला तर त्यसैको झिल्को र जनचेतनाको लहर नेपाल र भारतमा बसेका नेपालीहरूका माझ यसरी फैलियो कि राणाले कल्पना नै नगरेको विद्रोह भयो, नेपाली जनताहरू आफ्नो नागरिक स्वतन्त्रताका लागि हतियारसम्म उठाउन बाध्य भए, जसका लागि २००३ साल फेरि अर्को कोसेढुंगे साबित भयो, जसले नेपालीहरूको प्रजातान्त्रिक हक प्राप्तिका लागि, जन्मसिद्ध नागरिक हक प्रजातान्त्रिक अधिकार प्राप्तिका लागि भारत प्रवासमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको स्थापना गरियो ।

नेपाली राष्ट्रिय कांग्रेसमा प्रमुख नेताहरू थिए, विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद उपाध्याय तर उनीहरूले त्यो संस्थाको अध्यक्षका रूपमा प्रजातन्त्रका लागि नेपाली जेलमा रहेका टंकप्रसाद आचार्यलाई बनाए र कार्यवाहक अध्यक्षको रूपमा कार्यकारी नेता बनाएर विश्वेश्वरप्रसाद कोइराला थिए । उता प्रजातन्त्र कांग्रेसका मुख्य नेताहरू थिए सुवर्णशमशेर राणा, महेन्द्रविक्रम शाह र सूर्यप्रसाद उपाध्याय । मुलुकको वृहत्तर हित र नागरिक अधिकारको तत्काल बहालीका लागि ती दुवै दलहरू एकाकार भए र नेपाली कांग्रेस नामक दलको स्थापना गरियो । एकाकार प्रजातान्त्रिक दल नेपाली कांग्रेसले नेपालमा प्रजातन्त्रका लागि आवश्यक परे सशस्त्र क्रान्तिसमेत गर्ने निधो गऱ्यो ।

तत्कालको राणाशासनले सम्झाएर बुझाएर किन प्रजातन्त्र दिन्थ्यो र ? स्थिति कतिसम्म संवेदनशील बन्यो भने राजा मुलुकबाहिर जान बाध्य भए । अनि प्रजातन्त्रका लागि राजाकोसमेत समर्थनमा सशस्त्र क्रान्ति भएको थियो जसको नेतृत्व नेपाली कांग्रेसले लिएको थियो । २००७ कात्तिक २६ गते सुरु भएको जनक्रान्तिले फागुन ७ गतेभित्रै आफ्नो लक्ष्य पूरा गर्दै फागुन ७ मा नै प्रजातन्त्र घोषणा गराउने काम गर्न सफल भएको थियो ।

दुई दल मिलेपछि प्रजातान्त्रिक प्रक्रियाका लागि सशस्त्र क्रान्तिसमेत गरियो र त्यसको फलस्वरूप मुलुकमा प्रजातन्त्र घोषणाको तयारी भयो । भारत प्रवासमा रहेका राजा र उनका परिवार पनि फर्किए । सशस्त्र क्रान्ति पनि सहमतिमा रोकियो र राजाले २००७ फागुन ७ गते मुलुकलाई नयाँ युगको प्रतीकस्वरूप प्रजातन्त्र घोषणा गरे र भने '... हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले...' भन्ने घोषणासँगै आफूलाई सहयोग गर्ने एक मन्त्रिपरिषद् पनि घोषणा गरिएको थियो । त्यो मन्त्रिपरिषद्मा राणा पक्षीय, कांग्रेस पक्षीय र राजा पक्षीय मन्त्रीहरू थिए । राजा त्रिभुवनले प्रधानमन्त्रीमा तत्कालै निवर्तित भएका श्री ३ महाराज प्राइममिनिस्टर मोहनशमशेर जंगबहादुर राणालाई नै परराष्ट्रमन्त्रीसमेत नियुक्त गरेका थिए भने अन्य मन्त्रीहरू थिए- बबरशमशेर जंगबहादुर राणा रक्षामन्त्री, विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री, सुवर्ण शमशेर राणा अर्थमन्त्री, चुडाराजशमशेर वन विभागमन्त्री, गणेशमान सिंह उद्योग वाणिज्यमन्त्री, नृपशमशेर जंगबहादुर राणा शिक्षामन्त्री, भद्रकाली मिश्र यातायातमन्त्री, यज्ञबहादुर बस्न्यात् स्वास्थ्य र स्वायत्त शासनमन्त्री, भरतमणि शर्मा खाद्य र कृषिमन्त्रीसमेत अरु मन्त्रीहरू सम्मिलित भएको एक मन्त्रीमण्डल गठन गरिएको थियो । राजा त्रिभुवनले यो मन्त्रिपरिषद् निजको इच्छाअनुसार पदमा रहने छन् भनेका थिए ।

नेपालमा प्रजातन्त्रको अभ्यास र शासन प्रणालीको स्वर्णिम कल्पना गर्ने हाम्रा ती महान प्रजातन्त्रवादीहरूलाई स्मरण गर्ने बेलामा के पनि बिर्सनु हुँदैन । जुन प्रजातन्त्रको हामी उपयोग र अभ्यास गरिरहेका छौं, के त्यही परिणामका लागि लाखौं नेपालीले रगत र पसिना बगाएका हुन्, प्रजातन्त्र प्राप्ति र पुनःप्राप्तिका लागि ? यो प्रश्न आजको समयमा सर्वत्र उठिरहेको छ । प्रजातन्त्रवादीले प्रजातन्त्रको नेतृत्व गरिरहेको छ कि प्रजातन्त्र विरोधीले प्रजातन्त्रको विरुद्धमा प्रजातन्त्र शब्द र प्रयोगको दुरूपयोग गरिरहेको छ ? यो त सबै जनताले हेर्ने र समीक्षा गर्ने कुरा हो । नागरिक समाजको पनि कर्तव्य हो कि के प्रजातन्त्रका पक्षमा हो र के विपक्षमा हो भनेर जनतालाई जानकारी गराउने ।

प्रजातन्त्रमा केही अत्यावश्यक विशेषताहरू अनिवार्य हुनुपर्छ । ती विशेषताहरू हुन्- जनतालाई शासन गर्न जनताबाटै निर्वाचित पदाधिकारीहरू, स्वतन्त्र निष्पक्ष र नियमितरूपमा आवधिक निर्वाचनहरू, अभिव्यक्ति स्वतन्त्रता, मानवअधिकारको प्रत्याभूति, सूचनाको हक र सूचनाका जानकारीका लागि वैकल्पिक स्रोतहरू, संघसंस्थाहरू खोल्न पाउने र उनीहरूको निरन्तरताको प्रत्याभूति र सबै नागरिकहरूको समावेशितामा शासन प्रणालीले दिने विकास र समानताको सामाजिक न्यायको प्रत्याभूति । '२००७ सालको जनक्रान्तिले ल्याएको जनचेतनाको प्रतिफल नेपाली जनताले प्रजातन्त्र प्राप्त गरे र त्यसको अगुवाइ नेपाली कांग्रेसले गरेको कुरा नेपालको इतिहासमा अविस्मरणीय घटना बनेकै छ । यसपटकको फागुन ७ गते हामीले नेपालीले स्वतन्त्रताको ७५औं दिवस मनाइरहेका छौं । यी विगतका ७४ वर्षहरू किन र कसरी अस्थिर राजनीतिका समयका रूपमा व्यतीत भए भन्ने कुरा अनुसन्धानकै विषय बनेको पाइन्छ । तर हाम्रो प्रयासचाहिँ स्थिर सरकार होस् र सरकारका प्रयासहरू सदैव जनहितमा मात्र केन्द्रित होउन् भन्नेमा नै केन्द्रित रहनुपर्छ ।

प्रजातन्त्रका लागि लड्नेहरूले प्रजातन्त्रको एउटा विश्वव्यापी खाकाको सैद्धान्तिक धारणालाई आत्मसात् गरेका हुन्छन् र एउटा प्रजातान्त्रिक सीमाको धर्को कोरेका हुन्छन् । त्यो धर्को भनेको प्रजातन्त्रको खुला सीमा हो, जसको एउटा अनुशासनलाई त्यसप्रति आस्था हुनेले मान्नैपर्छ, नत्र ऊ प्रजातन्त्रवादी हुनै सक्दैन । जनताको प्रत्यक्ष सहभागितालाई २००७ सालमा आदर्श मानेर प्रजातन्त्रको स्थापना गरिएको थियो र विभिन्न बहानाबाजीमा राजाहरूले २०१५ सालमा मात्र जननिर्वाचित संस्थाको व्यवस्था गरेका थिए । प्रजातन्त्रले त्यही बेलादेखि नै अभ्यासबाट टाढा बस्न बाध्य हुनुपरेको थियो । २०१७ पुस १ गतेको प्रजातन्त्रको घाँटी निमोठ्ने र संसद् भंग गरी जननिर्वाचित सरकार विघटन गर्ने आततायी घटना र त्यसपछिका ३० वर्षको निर्दलीयताको कुरै नगरौं ।

बिपी कोइरालाले स्वेच्छिक निर्वासन त्यागेर २०३३ पुस १६ गते नेपाल प्रवेश गरेपछि एउटा नयाँ चेतनाले नेपालमा प्रजातन्त्रका पक्षमा एउटा चेतनाको दियो बाल्ने काम गऱ्यो तर त्यसबेलासम्ममा प्रजातन्त्र विरोधीहरूको नयाँ भूइँफुट्टा समूह तयार गरिसकेको थियो, जसले राजालाई प्रजातन्त्रप्रतिको मोहभन्दा उनीहरूको सहयोगमा निर्दलीय व्यवस्थाको दीर्घकालीन अभ्यासका लागि प्रेरित गरेको थियो । त्यसैको फलस्वरूप २०३६ सालको बहुदल या निर्दलीय पञ्चायत भन्ने विकल्पको जनमत संग्रहमा जनमत संग्रह धोका हो भन्दै पञ्चायतको पक्षमा मत हाल्नेहरूको दबदबा बढ्यो । तर जनताको चाहना र प्रजातन्त्रको बाटोविपरीत तीन दशकमै नराम्ररी मक्किसकेको थियो । अन्ततः राजाका असल हिमायती हौं भन्नेहरूले न त पञ्चायत जोगाउन सके, न त राजतन्त्र नै जोगाउन सके ।

वास्तवमा प्रजातन्त्रका विरुद्धमा लाग्नेहरू, प्रजातन्त्रको नाममै भए पनि, ती सबै बडारिने रहेछन् भन्ने कुरा सोभियत संघको पतनलेमात्र प्रमाणित गरेको होइन कि हिटलरको समूल पतनलेसमेत प्रमाणित गरेकै हो । त्यसैले अन्ततः प्रजातान्त्रिक शासन व्यवस्था नै उपयुक्त हुने रहेछ भन्ने संसारभर नै नयाँ चेतना आएको छ, जसको प्रत्यक्ष प्रभाव नेपालमा परेकै छ र कतिपय घटनामा नेपालको शान्तिपूर्ण सत्ता हस्तान्तरणले नजिरको कामसमेत गरेको छ । अहिले नेपालमा तेस्रो पुस्ताको प्रजातन्त्रको शासन चलेको छ । पहिलो पुस्ताको शासन २०१६ जेठदेखि २०१७ पुस १ गतेसम्म, दोस्रो पुस्ताको प्रजातन्त्र २०४७ वैशाख ६ गतेदेखि २०५९ असोज १९ सम्म र तेस्रो पुस्ताको प्रजातन्त्र २०६३ वैसाख ११ देखि आजसम्मको हो । मुलुक समाजवादोन्मुख छ र समाजका पक्षमा शासन प्रणाली हुन आवश्यक छ । निश्चित आयस्रोतको अवस्था र भएको प्राकृतिक स्रोतको सदुपयोग गर्ने काममा तदारुकता आवश्यक देखिन्छ । प्रजातन्त्र शासन प्रणालीको मात्र नाम होइन, यो त एउटा संस्कार हो, जसले मानवीय गुणहरूको व्यक्तिगत तथा सामूहिकरूपमा सम्मान गर्छ । *रासस*

श्रम सरोकार

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# पाथीभरा केबलकार : विकास कि विनास



■ विविशा पौडेल

पाथीभरा केबलकार निर्माणको विषय केवल एउटा पूर्वाधार विकास परियोजनामात्र नभएर धार्मिक, सांस्कृतिक र पर्यावरणीय महत्त्व राख्ने मुद्दा हो । यस विषयमा समावेशी छलफल, प्रभावकारी योजना, र दीर्घकालीन प्रभावको मूल्यांकन आवश्यक देखिन्छ । केबलकार निर्माणले समग्र पाथीभरा क्षेत्र र स्थानीय समुदायलाई कस्तो असर पार्छ भन्ने कुरामा गम्भीरतापूर्वक विचार गरिनुपर्छ ।

ताप्लेजुङको प्रसिद्ध धार्मिकस्थल पाथीभरा (मुक्कुम्लुङ) मन्दिरमा केबलकार निर्माण गर्ने योजना हाल चर्चाको केन्द्रबिन्दुमा रहेको छ । यस योजनाको पक्ष र विपक्षमा विभिन्न आवाजहरू उठिरहेका छन् । एकातर्फ केबलकार बनाउन राज्यले नै साथ दिइरहेको छ भने स्थानीय केबलकार खारेजीको मागसहित आन्दोलित भएका छन् । केबलकार बनाउनुपर्ने पक्षका तर्फबाट प्रसिद्ध धार्मिकस्थलको थप विकास र संरक्षण हुने, तीर्थयात्रीहरूलाई दर्शनका लागि सहज हुने तथा पर्यटकीयस्थलको रूपमा प्रवर्द्धन गर्न सहयोग पुग्ने मत छ । धार्मिकस्थलको विकासका नाममा केबलकार निर्माण गरिँदा प्राकृतिक विनास निम्तिने, परम्परागत धार्मिक आस्थामा आघात पुग्ने तथा स्थानीयले पाउँदै आएको रोजगारीसमेत गुम्ने 'नो केबलकार' पक्षको तर्क छ । त्यसकारण यो विषय विकास कि विनास भन्ने प्रश्नमा अल्झिएको देखिन्छ । यही विषयले अहिले दुईपक्षबीच द्वन्द्वको अवस्था सिर्जना गरेको छ ।

केबलकार निर्माणका समर्थकहरूकाअनुसार यो परियोजनाले पाथीभरा दर्शन गर्न चाहने तीर्थयात्री र पर्यटकहरूलाई सहजता प्रदान गर्ने छ । वर्तमानमा पदयात्रा गरेर जानुपर्ने मन्दिरसम्मको कठिन मार्ग वृद्धवृद्धा तथा अशक्त यात्रुहरूका लागि चुनौतीपूर्ण छ । केबलकार निर्माणले धार्मिक पर्यटन प्रवर्द्धन गर्ने, स्थानीय अर्थतन्त्रलाई सुदृढ गर्ने र रोजगारीका अवसरहरू सिर्जना गर्ने विश्वास राखिएको छ । साथै, यो परियोजना आधुनिक प्रविधिको प्रयोग गर्दै तीर्थयात्रीको सुविधालाई बढावा दिनसक्ने तर्कसमेत अघि सारिएको छ ।

धार्मिक पर्यटनले नेपालमा ठूलो महत्त्व राख्छ, विशेषगरी पाथीभरा मन्दिरजस्तो प्रसिद्ध स्थलमा । नेपाल सरकार र निजी क्षेत्रको सहकार्यले धार्मिक स्थलहरूको विकासमा विशेष भूमिका खेल्न सक्ने देखिन्छ । पाथीभरा केबलकार परियोजना पूरा भएमा विदेशी पर्यटक आकर्षित गर्न सक्ने, स्थानीय व्यवसायलाई फाइदा पुऱ्याउने र यस क्षेत्रको समग्र विकासमा योगदान दिने विश्वास गरिएको छ ।

त्यसैगरी, केबलकार परियोजनाले स्थानीय उत्पादन तथा व्यापारलाई प्रवर्द्धन गर्ने सम्भावना छ । भक्तजनहरू र पर्यटकहरूले केबलकारको प्रयोग गरे पनि उनीहरूले स्थानीय बजारमा उपभोग्य सामग्रीहरू किन्ने सम्भावना रहन्छ । स्थानीयस्तरमै हस्तकला, कृषि उत्पादन तथा अन्य वस्तुहरूको व्यापार बढ्नसक्ने अनुमान गरिएको छ ।

तर 'नो केबलकार' आन्दोलनका पक्षधरहरूले भने पाथीभरा क्षेत्रको मौलिकता र प्राकृतिक सम्पदामा असर पर्ने भन्दै विरोध जनाएका छन् । उनीहरूका अनुसार केबलकार निर्माणले धार्मिक आस्थामा आँच पुऱ्याउनेछ, वातावरणीय सन्तुलन बिगार्ने र यस क्षेत्रको परम्परागत पैदलयात्राको महत्त्वलाई घटाउने छ । यसबाहेक पर्यटनको अत्यधिक चापले वातावरणीय क्षति पुऱ्याउने, वन्यजन्तु र जैविक विविधतामा असर पार्ने सम्भावना रहेको छ ।

नो केबलकार पक्षमा रहेकाहरू भन्छन्, 'केबलकार जस्ता ठूला संरचनाले पहाडको भू-संरचनामा असर पुऱ्याउन सक्छ, जसले भविष्यमा प्राकृतिक प्रकोप निम्त्याउन सक्छ । पाथीभरा क्षेत्रको पारिस्थितिक सन्तुलन संवेदनशील भएकाले त्यहाँ ठूलो संरचना निर्माण गर्दा दीर्घकालीन असरको मूल्यांकन गरिनुपर्छ । साथै, स्थानीय बासिन्दाहरूको परम्परागत पेसा, घोडा तथा खच्चड व्यवसाय, होटल तथा गाइड व्यवसायमा नकारात्मक प्रभाव पर्ने सम्भावना छ ।'

साथै, धार्मिक हिसाबले पनि पाथीभरा केबलकारको विरोध गर्नेहरूले मन्दिरसम्म पुग्न कठिनाइ हुनु नै श्रद्धा व्यक्त गर्ने प्रक्रिया भएको बताउँछन् । धार्मिक पर्यटनलाई अत्यधिक व्यावसायीकरण गरिएमा यसको मूल मर्म नै नष्ट हुनसक्ने तर्क उनीहरूको छ ।

यस विवादलाई समाधान गर्न सरकारको तर्फबाट गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा वार्ता समिति गठन गरिएको छ । हालसम्मको वार्ता निष्कर्षविहीन रहेको छ, तर दुवै पक्षका तर्कलाई ध्यानमा राख्दै समाधान खोज्ने प्रयास जारी छ ।

सरकारले विकासका नाममा स्थानीय समुदायको मागलाई बेवास्ता गर्न नहुने र परियोजनाले दीर्घकालीन फाइदा पुऱ्याउने सुनिश्चित गर्नुपर्ने सरोकारवालाको भनाइ छ । पर्यावरणीय प्रभाव मूल्यांकनविना कुनै ठूलो संरचना निर्माण गरिनु हुँदैन भन्ने स्थानीयको तर्क छ । यसबाहेक, पाथीभरा क्षेत्र धार्मिक आस्थासँग जोडिएको भएकाले, धार्मिक गुरुहरू, स्थानीय बासिन्दा र सरोकारवालाहरूसँग गहिरो छलफल हुनुपर्ने माग उठाइएको छ ।

केबलकार परियोजना अगाडि बढाउन सरकार र निजी क्षेत्रको साझेदारी आवश्यक देखिन्छ । दीर्घकालीनरूपमा स्थायित्व कायम राख्ने योजनाका साथ परियोजना अघि बढाइएमात्र यसले सफलता प्राप्त गर्न सक्छ । पाथीभरा केबलकार निर्माणको विषय केवल एउटा पूर्वाधार विकास परियोजनामात्र नभएर धार्मिक, सांस्कृतिक र पर्यावरणीय महत्त्व राख्ने मुद्दा हो । यस विषयमा समावेशी छलफल, प्रभावकारी योजना, र दीर्घकालीन प्रभावको मूल्यांकन आवश्यक देखिन्छ । केबलकार निर्माणले समग्र पाथीभरा क्षेत्र र स्थानीय समुदायलाई कस्तो असर पार्छ भन्ने कुरामा गम्भीरतापूर्वक विचार गरिनुपर्छ ।

तत्काल विकास प्राथमिकता हुन सक्ला, तर यसको दूरगामी असरको गहिरो अध्ययन नगरी परियोजना अगाडि बढाउनु उचित हुने छैन । पाथीभरा केबलकारले विकासको नयाँ सम्भावना खोल्न सक्छ, तर यसको प्रभावलाई विचार गर्दै दीर्घकालीन योजना बनाउनु आवश्यक छ । यस विषयमा थप अनुसन्धान, विस्तृत छलफल र स्थानीय समुदायको सहमति प्राप्त गरिनु अपरिहार्य छ । स्थानीय समुदायको सहभागिताविना कुनै पनि ठूला विकास योजना दीर्घकालीनरूपमा सफल हुन सक्दैन । केबलकार निर्माण गर्दा स्थानीय सरोकारवालाहरू, धार्मिक संघसंस्था, पर्यटन व्यवसायी र वातावरणविद्को सुझावलाई समेत ध्यानमा राख्दै योजनाबद्ध तरिकाले अघि बढ्न आवश्यक देखिन्छ ।

# बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको मर्मत तीव्र

**काभ्रेपलाञ्चोक–** गत असोज दोस्रो साताको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको मर्मतलाई तीव्रता दिइएको छ । डिभिजन सडक कार्यालय भक्तपुरले राजमार्गअन्तर्गतक्षति पुगेकोनमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि काभ्रेपलाञ्चोक र सिन्धुलीको सीमास्थल नेपालथोकसम्मको अस्थायी मर्मतलाई तीव्र पारिएको जनाएको छ ।

आउँदो बर्खायाममा यातायात अवरोध नभई नियमित सञ्चालन हुनसक्नेगरी रोशी क्षेत्रमा मर्मत भइरहेको कार्यालयले जनाएको छ । हाल लोडर र डोजर प्रयोग गरी सडक मर्मत गरिरहेको कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए ।

योगेशका अनुसार हाल बगरमा गरिएको डाइभर्सन तथा सडकको पुरानै स्थानलाई अवस्था हेरी दुईदेखि तीन मिटरसम्म ग्राभेल भरेर उचाइ बनाउने तथा अप्ठेरो भएको स्थानमा जाली भरेर उचाइ बनाउन थालिएको छ । क्षतिग्रस्त सडक चौडा पार्ने, सम्याउने तथा ग्राभेल भरेर खोलाको सतहभन्दा करिब तीन मिटर उचाइ बनाउने काम भइरहेको छ । कूल १३ किलोमिटर क्षतिग्रस्त सडकमध्ये पहिलो चरणमा आठ किलोमिटर मर्मत गरिने छ भने बाँकीको थप मर्मतका लागि योजना बनाइने जनाइएको छ ।

राजमार्गको धुलिखेल-नेपालथोक र नेपालथोक-खुर्कोट सडकखण्ड अस्थायी रूपमा मर्मतका लागि सरकारले हालका लागि २१ करोड २५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ। उक्त बजेटबाट गर्ने कामको डिजाइन भइरहेको र डिजाइन सकिएपछि लागत स्टिमेट निकालेर ठेक्का प्रक्रियामा जाने योगेशले बताए । हाल काठमाडौंबाट रामेछाप, सिन्धुलीलगायत पूर्व जाने यातायातका साधन खोला बगरको कच्ची सडकमा कष्टकर एवं जोखिमपूर्ण यात्रा गरिरहेका छन् ।

डिभिजन सडक कार्यालयद्वारा गरिएको अध्ययनले भकुण्डेदेखि नेपालथोकसम्मको विभिन्न स्थानमा पुनर्निर्माण गर्न नौ अर्ब ६६ करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ । 'अध्ययनबाट केही स्थानमा पहिला पुल बनाउनुपर्ने देखिए पनि पुल बनाउने कि, वाल लगाउने भन्नेबारे थप छलफलपछि निष्कर्ष निस्कने छ,' योगेशले भने । पुनर्निर्मित सडकमा 'आसफाल्ट कंक्रिट'सहित दुई लेनको सडक हुने योगेशले बताए । यसअघि 'इन्टरमिडियट लेन'को सडक थियो । *रासस*

## माइग्रेसन हराएको सूचना

मितिः २०८१/१०/१५ गते लगनखेल ललितपुरबाट मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : कैलाश जिसी**
**रजिस्ट्रेसन.नं.: ७८३२५१०६० १०५**
**सिम्बोल नं.: २८१००२८७**
**उर्तिर्ण वर्ष : +2 (प्लस टु), २०७९**
**ठेगानाः गोदावरी–८, डुकुछाप, ललितपुर**
**सम्पर्कः ९८२३६२७३८९**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम सूचना प्रकाशित मितिः २०८१/११/२१**

यस सामुदायिक वन उपभोक्ता समूहबाट गत आ.व. मा ढलापडा रूखहरूबाट संकलन भएको साल प्रजातिको चिरान ८४.७६ क्यू.फि. काठ लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री पिप्लेचुहार सा.व.उ.स., तिनाउ-१, पाल्पा ।**

## दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Utsav H.R. Solution Pvt. Ltd. (ई.प.नं. १४५९/०७४/०७५) ले** यस विभाग समक्ष रूपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ०४ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/११/१९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## बिमालेख हरायो

मिति २०८१/१०/१५ गते चावहिलदेखि शामाखुसीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको **बिमा लेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : अनिल जोशी**
**बिमा लेख नं.: ११०००११४२**
**नेशनल लाइफ इन्सुरेन्स कम्पनी लिमिटेड**
**ठेगाना : काठमाडौं**
**सम्पर्क नं : ९८४१५१८७९२**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम सूचना प्रकाशित मितिः २०८१/११/२१**

यस सामुदायिक वन उपभोक्ता समूहबाट गत आ.व. मा ढलापडा रूखहरूबाट संकलन भएको साल, जामुन प्रजातिको गोलिया ३७३.२८ क्यू.फि. काठ लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री चिरीडाँडा सा.व.उ.स., तिनाउ-३, पाल्पा ।**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम सूचना प्रकाशित मितिः २०८१/११/२१**

यस सामुदायिक वन उपभोक्ता समूहबाट गत आ.व. मा ढलापडा रूखहरूबाट संकलन भएको साल प्रजातिको चिरान १९२.४१ क्यू.फि. काठ लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री गौतम सा.व.उ.स., तिनाउ-३, पाल्पा ।**

## सच्याइएको

मिति २०८१ माघ २१ गते प्रकाशित प्रभाव दैनिकको वर्ष ११ अंक २७९ मा **धितोमा रहेको चलअचल सम्पत्ति लिलाम विक्री गर्नेसम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना** प्रकाशन गरिएकोमा पार्वती चौलागाईको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला साविक सुडाँल गा.वि.स वडा नं.३ सिट नं.३ (च) **कित्ता नं.**३१३ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

**शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७२/०७/२४ मा दर्ता भएको प्रा.लि.नं. १४१६८५ को **नारायणी डिपार्टमेन्ट स्टोर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/११/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कुवेतमा रोजगार

कम्पनी : **HASHEM HASHEM RESTAURANT AND PATISSERIE**

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319764 | चलानी नं. ६०२३३९३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RESTAURANT (KITCHEN HELPER) | 12 | 0 | 100 | ४५,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **OAK AND SMOKE RESTAURANT COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319735 | चलानी नं. ६०२३३९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COMMI 3 | 3 | 0 | 140 | ६३,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/Commis I | 5 | 0 | 180 | ८१,२१० | | | | | | | |
| 3 | Section Cook/Commis II | 7 | 0 | 150 | ६७,६७५ | | | | | | | |
| 4 | Waiter/Waitress | 10 | 0 | 130 | ५८,६५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २८ गते (12th Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : West Line Co. Ltd. One Person Company | शहर : Al Khobar, KSA

पूर्व स्वीकृति मिति : २०८१/११/२० | LT. No. 319800 | चलानी नं.६०२३३९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 4 | 0 | 1000 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Feol Machines & Equipment Co. | शहर : Dammam, KSA

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | LT. No. 319264 | चलानी नं.६०२३३४४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 1 | 0 | 1400 | ५१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Feol Machines & Equipment Co. | शहर : Dammam, KSA

पूर्व स्वीकृति मिति : २०८१/११/०९ | LT. No. 319265 | चलानी नं.६०२३३४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६६,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Iraqa Trading Vision Company one person company | शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०२/२२ | पुन विज्ञापन | LT. No. 305888 | चलानी नं.६०२२०५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaning Worker | 1 | 0 | 1200 | ४४,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २८ गते (12th Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
